# तुर्माखाँद गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः १ | संख्याः ९ | मितिः २०७६/०५/०५ |

भाग २

तुर्माखाँद गाउँपालिका


### ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७६

प्रमाणीकरण मिति: २०७६।०१।२७

तुर्माखाँद गाउँ पालिकाको व्याकहो लोडर सञ्चालन प्रकृयालाई नियमित र व्यवस्थित गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो निर्देशिकाको नाम व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ रहेको छ।

१.२ यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२.परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

२.१ "कार्यालय"भन्नाले तुर्माखाँद गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

२.२ "लोडर" भन्नाले तुर्माखाँद गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडर सम्झनु पर्छ।

२.३ "उप समिति" भन्नाले व्याकहो लोडर सञ्चालन उप समिति सम्झनु पर्छ।

२.४ "सम्झौता" भन्नाले उपभोक्ता समिति र कार्यालयबीच व्याकहो लोडर सञ्चालन सम्बन्धमा भएको अनुसूची १ बमोजिमको सम्झौता सम्झनु पर्छ।

**३. लोडर सञ्चालन तथा व्यवस्थापन उप समिति सम्बन्धी व्यवस्था**

लोडरको उचित किसिमले सञ्चालन र व्यवस्थापन गर्न देहायबमोजिमको उप समिति रहनेछ।

३.१ गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिकाको सदस्य संयोजक

३.२ इन्जिनियर सदस्य

३.३ योजना शाखा प्रमुख सदस्य सचिव

**४. व्याकहो लोडर सञ्चालन कार्यविधि**

४.१ लोडर भाडामा प्रयोग गर्न चाहने पक्षले कार्यालयमा अनुसूची २ बमोजिमको निवेदन दिनु पर्नेछ।

४.२ लोडर प्रयोग गर्ने स्वीकृति प्राप्त भए पश्चात् निवेदनमा कति कार्यघण्टाका लागि लोडर माग गरिएको हो त्यति कार्यघण्टाका लागि प्रति कार्यघण्टा एक हजार पाँच सय रुपैया (इन्धन बाहेक) का दरले हुन आउने रकम दाखिला गरेको निस्सा पेश गर्नु पर्नेछ। तर कार्यालयबाट सञ्चालित योजनाको हकमा पूर्व स्वीकृति लिई योजनाको बील भूक्तानी गर्दा भाडाबापतको रकम कट्टा गर्ने गरी लोडर प्रयोग गर्न सकिनेछ ।

४.३ लोडर रहेको स्थान देखि योजना स्थलसम्म पुग्दा लाग्ने समय बराबरको रकम लोडर भाडामा लिने पक्षले भूक्तानी गर्नु पर्नेछ।

४.४ लोडर भाडामा लिने पक्षले इन्धनको व्यवस्था आफै गर्नु पर्नेछ।

४.५ लोडरको सुरक्षाको जिम्मेवारी लोडर भाडामा लिने पक्षको हुनेछ।

४.६ लोडर सञ्चालन गर्दा सोको लगबुक राख्ने जिम्मेवारी अपरेटरको हुनेछ।

४.७ लोडर प्रयोग गर्नुभन्दा अगाडि कार्यालय र भाडामा लिने पक्षबीच सम्झौता गर्नु पर्नेछ।

४.८ लोडर भाडामा लिने पक्षले अपरेटर र हेल्परलाई प्रति घण्टा क्रमश: एक सय पच्चीस रुपैंया र पचहत्तर रुपैंयाका  दरले भत्ता दिनुपर्नेछ।

४.९ कार्यालयले सञ्चालन गर्ने योजनाको हकमा योजना सम्झैता नभई लोडर प्रयोग गर्न पाइने छैन।

४.१० एक पटकमा अधिकतम् एक लाख रुपैंया सम्मको सडक मर्मत सम्भार कार्य लोडर प्रयोग गरी कार्यालयले गराउन सक्नेछ। यसरी कार्य गराउदा भएको इन्धन खर्चबापतको  बील लगबुक र प्राविधिक मूल्यांकन प्रतिवेदनको आधारमा भूक्तानी गर्न सकिनेछ। यस्तो अवस्थामा अपरेटर र हेल्परलाई भत्ता दिइनेछैन।

४.११ अपरेटरले कार्यालयबाट कायदिश लिएर मात्र लोडरको प्रयोग गर्नु पर्नेछ।

४.१२ लोडरमा प्रयोग हुने ग्रिसको खर्च लोडर भाडामा लिने पक्षले बेहोर्नु पर्नेछ।

**५. लोडर मर्मत सम्बन्धी व्यवस्था**

डोजर मर्मत गर्नु पर्ने भएमा कुन कुन सामान फेरबदल गर्नु पर्नेहो सोको विवरण सहित अपरेटरले कार्यालयसमक्ष निवेदन पेश गर्नु पर्नेछ।एक पटकमा ३० हजारभन्दा बढीको मर्मत गराउनु

पर्ने भएमा उप समितिको बैठकबाट निर्णय गराई मर्मत गराउनु पर्नेछ।

**६. लोडर प्रयोगमा प्राथमिकता**

सार्वजनिक कार्य, पहिला सम्झौता भएको योजना र अबरुद्ध भएको सडक मर्मत सम्बन्धी कार्यमा लोडरको प्रयोगमा प्राथमिकता दिइनेछ।

**७. अभिलेख**

आर्थिक प्रशासन शाखाले लोडर मर्मत सम्भार, लोडरमा प्रयोग भएको इन्धन, अपरेटर र हेल्परको पारिश्रमिकको छुट्टा छुट्टै अभिलेख राख्नु पर्नेछ।

**८. निर्देशिकामा संशोधन**

लोडर सञ्चालन तथा व्यवस्थापन उप समितिको सिफारिसमा गाउँ कार्यपालिकाले यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**९. खारेजी र बचाउ**

यो निर्देशिका जारी हुनु पूर्व लोडर सञ्चालन सम्बन्धमा भएका सबै कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ। लोडर सन्चालन सम्वन्धमा यो कार्यविधि जारी गर्नु पूर्व भएका निर्णयहरु स्वत: निष्क्रिय हुनेछन्।

**अनुसूची १**

**(दफा २.४ संग सम्बन्धित)**

**लोडर संचालन सम्झौता पत्रको ढाँचा**

गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद र .........उपभोक्ता समिति/....................... बीच लोडर सञ्चालन सम्बन्धी सम्झौता पत्र

१. यो सम्झौता पत्रमा गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँदलाई पहिलो पक्ष र ..............................उपभोक्ता समिति / ...............................लाई दोश्रो पक्ष भनिनेछ ।

२..........................................कार्यमा मिति ......../......../........ गते देखि मिति ........./......./......गते सम्म .......... कार्य घण्टाका लागि पहिलो पक्षले दोश्रो पक्षलाई लोडर भाडामा उपलब्ध गराउने छ ।

३. लोडर र लोडर संचालन कार्यमा खटिएका कर्मचारीको सुरक्षाको प्रबन्ध मिलाउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

४. लोडर संचालन कार्यमा कुनै विवाद आएमा दोश्रो पक्षले पहिलो पक्षलाई लोडर फिर्ता ल्याउन अवरोध गर्नेछैन ।

५. पहिलो पक्षको कायदिश बिना दोश्रो पक्षले लोडर संचालन गर्न पाउनेछैन ।

६. थप कार्य घण्टाका लागि लोडर भाडामा लिनुपर्ने भएमा पहिलो पक्षबाट स्वीकृति लिएर मात्र दोश्रो पक्षले लोडर प्रयोग गर्नु पर्नेछ ।

७. पहिलो पक्षलाई दोश्रो पक्षले लोडर भाडा बापत प्रति घण्टा एक हजार पांच सय रुपैया (इन्धनबाहेक) का दरले भाडा उपलब्ध गराउनु पर्नेछ ।इन्धन र ग्रिसको प्रवन्ध दोस्रो पक्ष आफैले गर्नु पर्नेछ।

८. दोश्रो पक्षले अपरेटर र हेल्परलाई क्रमश: प्रति कार्यघण्टा एक सय पच्चीस र पचहत्तर रुपैयाका दरले भत्ता उपलब्ध गराउनु पर्नेछ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| दस्तखतः ................ | दस्तखतः ................ |
| नामः ............................ | नामः........................... |
| पदः ................... | पदः .................... |
| कार्यालयको छाप: | उपभोक्ता समितिको नाम: |

**अनुसूची २**

**(दफा ४.१ संग सम्बन्धित)**

**लोडर माग सम्बन्धी निवेदनको ढांचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम।

विषय: लोडर उपलव्ध गराइ दिने सम्बन्धमा।

महोदय,

..............................................कार्यमा .................कार्य घण्टाका लागि लोडर भाडामा उपलव्ध गराइ दिनुहुन अनुरोध गर्दछुं। लोडर भाडामा दिने स्वीकृति प्राप्त भए पश्चात भाडा बापतको रकम अग्रिम दाखिला गर्नेछुं। ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७६ का प्रावधानहरु पालन गर्न मञ्जुर छुं।

**विवरण**

काम/योजनाको विवरण :
योजना/ कार्यस्थल:
योजना भए विनियोजित बजेट रु:
सम्झौता भएको मिति :

**निवेदक**
नाम :
पद:
उपभोक्ता समिति:
दस्तखत:
मिति:

आज्ञाले,
बासुदेव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत